# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ

visit Nepal 2020 Lifetime Experiences

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७६/०७७ (शिक्षा)

मिति २०७६/०७/०७

च. नः २८३

**बिषयः निर्देशन सम्बन्धमा ।**

**श्री जैमिनी नगरपालिका स्थित सम्पूर्ण बिद्यालयहरु ।**

प्रस्तुत बिषयमा बिद्यालय संचालन र व्यबस्थापन, तलव भत्ता माग र शिक्षकको का.स.मु. सम्बन्धमा तपसिल बमोजिम गर्नु गराउनु हुन यस नगरपालिका स्थित सबै बिद्यालयहरु लाइ अनुरोध छ ।

तपसिल

१. यस नगरपालिकाको शैक्षिक क्यालेण्डर २०७६ मा उल्लेख भए विपरित कतिपय बिद्यालयहरुले बिद्यालय संचालन गर्ने र बन्द गर्ने गरेको गुनासो प्राप्त भएकोले उक्त क्यालेण्डर विपरित विद्यालय बन्द तथा सट्टा विदा गर्न पाइने छैन, गरेको पाइएमा सट्टा विदा गरेको उक्त अबधीमा विद्यालय बन्द भएको मानी उक्त अबधीको शिक्षक कर्मचारी तलव भत्ता कट्टा गरि आबश्यक कार्वाही गरिनेछ ।

२. शैक्षिक बर्ष २०७५ को शिक्षकको का.स.मु. सम्बन्धमा शिक्षक सेवा आयोग सानोठिमी भक्तपुर को च.नं. ३८६ मिति २०७६।०७।०१ को पत्रबाट बिद्यालयमा निर्धारित समय भित्र दर्ता भएका कार्य सम्पादन मुल्यांकन फाराम सम्बन्धित स्थानिय तहमा पठाउनु पर्ने भन्ने पत्राचार भएकोले उक्त पत्र अध्ययन गरि तहाँबाट हुने मुल्यांकन गरि गराई मिति २०७६।०८।१५ सम्म जैमिनी नगरपालिकामा पेश गरि सक्नु पर्नेछ ।

३. २०७६ मंसिर मसान्त भित्र कार्तिक, मंसिर र पौष ३ महिनाको शिक्षक तलवी माग फाराम आबश्यक कागजात सहित अनिबार्य रुपमा पेश गर्ने ।

०७६।७।७

खेम प्रसाद आचार्य
उप सचिव